राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक १०८ २०८२ मंसिर ०२ गते मंगलवार (18 Nov. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## एनपीएल : जनकपुर-काठमाडौं

# पाँच विकेटले काठमान्डु विजयी

दैनिक समाचारदाता
जनकपुरधाम, १ मंसिर । नेपाल प्रिमियर लिग (एनपीएल)मा काठमान्डु गुर्खाजले विजयी सुरुवात गरेका छन् । टियु क्रिकेट मैदानमा सोमबार भएको उद्घाटन खेलमा काठमान्डुले जनकपुर बोल्ट्सलाई ५ विकेटले पराजित गरेको हो ।

जनकपुरले दिएको १३१ रनको लक्ष्य काठमान्डुले १८ ओभरमा ५ विकेटको क्षतिमा पूरा गरेको थियो । काठमान्डुका लागि बेन चार्ल्सवर्थले सर्वाधिक ४६ रन बनाए। त्यस्तै आका त्रिपाठीले ३९, मिलिन्द कुमारले १९ र जोह्न सिम्पसनले १३ रन बनाए । जनकपुरका लागि अनिल साह, ललित राजबंशी, जन निकोल लोप्टी इटन र संजय कृष्णमूर्तिले १(१ विकेट लिए । यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको जनकपुर ५ विकेटको क्षतिमा १३० रन बनाएको थियो।



जनकपुरका लागि ओपनर आशिफ शेखले अर्धशतकसहित सर्वाधिक रन प्रहार गरे। उनले ४१ बलमा ६ चौका र १ छक्कासहित ५४ रन बनाए। त्यस्तै मयन यादव ३४ रन र लहिरु समरकुन २२ रनमा अविजित रहे। अन्य खेलाडीले दोहोरो अंकको रन जोड्न सकेनन्।

काठमान्डुका लागि मिलिन्द कुमारले ३ र करण केसी र सन्तोष यादवले १(१ विकेट लिएका थिए।

## छ प्रतिशत विकास खर्च

दैनिक समाचारदाता
काठमाडौं १ मंसिर । चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो चौमासिकमा सरकारको विकास खर्च निकै कमजोर देखिएको छ ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार गत कात्तिक मसान्तसम्म वार्षिक विनियोजनको छ दशमलव २१ प्रतिशत बराबर मात्रै विकास खर्च भएको हो । चालु आवका लागि पुँजीगत शीर्षकमा रू चार खर्ब सात अर्ब ८८ करोड बजेट विनियोजन गरिएकामा कात्तिक मसान्तसम्म रू २५ अर्ब ३१ करोड ३४ लाख बराबर मात्रै खर्च भएको कार्यालयले जनाएको छ ।

यस अवधिको कुल सरकारी बजेट खर्च वार्षिक विनियोजनको २३ दशमलव ८७ प्रतिशत छ । चालु आवका लागि कुल रू १९ खर्ब ६४ अर्ब ११ करोड बजेट विनियोजन गरिएकामा पहिलो चौमासिकमा रू चार खर्ब ६८ अर्ब ८८ करोड ९४ लाख खर्च भएको कार्यालयले जनाएको छ। चालुगत शीर्षकमा रू ११ खर्ब ८० अर्ब ९८ करोड वार्षिक विनियोजन रहेकामा हालसम्म २७ दशमलव १८ प्रतिशत अर्थात् रू तीन खर्ब २० अर्ब ९९ करोड २२ लाख खर्च भएको छ ।

वित्तीय व्यवस्था शीर्षकमा रू तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख विनियोजन भएकामा हालसम्म ३२ दशमलव ६७ प्रतिशत अर्थात् रू एक खर्ब २२ अर्ब ५८ करोड ३८ लाख बराबर खर्च भएको छ ।यस अवधिको सरकारी राजस्व सङ्कलन रू तीन खर्ब ३३ अर्ब ३४ करोड बराबर छ। जुन वार्षिक लक्ष्यको २१ दशमलव ७२ प्रतिशत हो । चालु आर्थिक वर्षका लागि सरकारले रू १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख राजस्व उठाउने लक्ष्य राखेको छ । रासस

# मधेश प्रदेश सभाका पाँच सांसदलाई पदमुक्त नगर्न सर्वोच्चको आदेश



दैनिक समाचारदाता
जनकपुरधाम, १ मंसिर । मधेश प्रदेश सभाका पाँच सांसदलाई पदमुक्त नगर्न सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश दिएको छ।

न्यायाधीश नित्यानन्द पाण्डेयको इजलासले आइतबार मधेशका सभामुख रामचन्द्र मण्डललाई पाँच सांसदलाई तत्काल पदमुक्त नगर्न भनेको हो।

गत बिहीबार नेपाली कांग्रेस सहित सात दलका ६४ जना प्रदेशसभाका सदस्यले सभामुख रामचन्द्र मण्डलविरुद्ध पद अनुकूल आचरण नगरेको प्रस्ताव दर्ता गराउन पुगेपछि सोही राती नै त्यसको काउन्टरमा प्रदेशसभा सचिवालयले जनता समाजवादी पार्टी (जसपा) नेपालका ४ जना र नागरिक उन्मुक्ति पार्टीका एकजना गरी पाँच जनालाई पदमुक्त गरेको सूचना जारी गरेको थियो।

सभामुख मण्डलले आफूविरुद्ध आचरणको प्रस्ताव दर्ता गर्न ल्याएपछि लगातार १० वटा बैठकमा अनुपस्थित रहेको भन्दै पदमुक्त गरेका हुन्।

त्यसको भोलिपल्ट पदमुक्त भएको सूचना प्रदेश राजपत्रमा प्रकाशित गरिएपछि जसपा नेपालका संजयकुमार यादव, मनिषकुमार सुमन, सिंगासन साकलवार, शंकर प्रसाद कलवार र नागरिक उन्मुक्ति पार्टीकी उर्मिला देवी सिंह सर्वोच्च पुगेका थिए।


मधेस प्रदेशमा नेपालको संविधानको धारा १६८ को उपधारा ३ बमोजिम सबैभन्दा ठूलो दलको हैसियतले नेकपा एमालेका संसदीय दलका नेता सरोजकुमार यादव नियुक्त भएपछि विवाद सृजना भएको छ।

## सात दलको धर्ना जारी

दैनिक समाचारदाता
जनकपुरधाम १ मंसिर । मधेस प्रदेश सरकार गठन प्रक्रियाको विरोध गर्दै सात राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूले मधेश प्रदेश भवनको मूल गेटमा धर्नालाई आज पनि निरन्तरता दिएको छ । मधेस भवन प्रवेश गर्ने मूल गेट अगाडि सात दलका प्रदेशसभा सदस्य तथा नेता कार्यकर्ताहरू राष्ट्रिय झण्डा लिएर शान्तिपूर्ण धर्नामा बसेका छन् । सडकमा नै धर्ना दिएका कारणले सो सडक भएर सञ्चालन हुने गरेको ठूला सवारी सञ्चालनमा अवरोध भएको छ । गत कार्तिक २२ मा विश्वासको मत पाउने अवस्था नदेखेपछि तत्कालीन मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनलले राजीनामा दिनु भएपछि तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले नेपालको संविधानको धारा १६८ को उपधारा ३ बमोजिम सबैभन्दा ठूलो दलको हैसियतले नेकपा एमालेका संसदीय दलका नेता सरोज कुमार यादवलाई नियुक्त गर्नु भएपछि सात दल आन्दोलनमा उत्रेका छन् ।

नेपालको संविधानको धारा १६८ को उपधारा २ अनुसार सरकार निर्माणको सम्भावना हुँदा हुँदै प्रदेश प्रमुखले ३ मा गएको भन्दै सात दल आन्दोलनमा उत्रेका छन् । यसैबीच सात दलको तर्फबाट सर्वोच्च अदालतमा दिइएको मुद्दा माथिको सुनुवाई आज हुन लागेको छ ।


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

अपाङ्गता भएका व्यक्तिलाई समान अवसर र सम्मान दिऔं।

*अपाङ्गता भएका व्यक्तिलाई:*

- शिक्षा, रोजगारीलगायतमा समान अवसर सुनिश्चित गरौं,
- सार्वजनिक भवन, कार्यालय र सडकहरू पहुँचयोग्य बनाऔं,
- अपाङ्गमैत्री शब्द प्रयोग गरौं,
- अपाङ्गता भएका व्यक्तिलाई सम्मान र सहयोग गरौं,
- उनीहरुलाई दया होइन अधिकार दिऔं,
- नीतिगत निर्णयहरुमा सहभागी गराऔं,
- अपाङ्गता दिवस, २०८२ भव्य रूपमा मनाऔं,
- समान अधिकार र अवसर प्रदान गरी समावेशी नेपालको परिचय दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सम्पादकीय

# सीमापारको काउलीले संकटमा पारेको स्थानीय कृषि

मधेशका किसानका खेतबारीमा यस वर्ष काउली फुल्यो, तर उनीहरूको मुहार भने उही उज्यालो हुन सकेन। महोत्तरी, मटिहानी–३ बरदाहाका किसान अलि मोहम्मदले तीन विघामा गरेको काउली खेती उत्पादनका हिसाबले सफल भयो। तर बजारमा उत्रिँदै गर्दा त्यो सफलताले घाटाको रूप लिएर फर्कियो। कारण एउटै–सीमापारबाट निर्बाध रूपमा भित्रिने भारतीय काउलीले नेपाली बजारमा कब्जा जमाएको अवस्था।

किसान अलि भन्छन्, "काउली खेती यसपालि घाटाको व्यापार भयो, किनकि भारतबाट काउली रोक बिना नेपाल छिरेपछि हाम्रो काउलीले मूल्य पाउन सकेन।" सीमा नाकामा भएका सुरक्षाकर्मीहरूले यस्तो अनियन्त्रित रूपमा भित्रिने कृषि उपजलाई रोक्नुपर्ने हो, तर व्यवहारमा भएको भने ठीक उल्टो छ। यही विडम्बनाले स्थानीय किसानहरूलाई ऋण तिर्नै नसक्ने अवस्थासम्म धकेलेको छ।

बरदाहा क्षेत्र मात्र होइन, धिरापुर, किसनपुर, मझौरा लगायतका गाउँका किसानहरू वर्षौंदेखि काउली खेतीलाई व्यवसायिक उत्पादनको रूपमा अघि बढाइरहेका छन्। किसान सुक्ममललाई पनि यस वर्ष १० कट्ठाको खेतीले घाटा ल्यायो। "ऋण काढेर खेती गऱ्यौं, तर भारतीय काउलीका कारण बिक्री नै प्रभावित भयो," उनको गुनासो छ।

उत्पादन राम्रै हुँदा पनि बजारमा नेपाली काउलीलाई 'कौडीको दाम' दिनुपर्ने अवस्था सिर्जना हुनु सरकारको उदासीनता र सीमातिरको कमजोर निगरानीको परिणाम हो। भिठामोड नाकाबाट मात्रै ५० लाखभन्दा बढी मूल्य बराबरको भारतीय काउली आधिकारिक रूपमा भित्रिएको तथ्यांक छ। यति मात्र कहाँ हो र–जटही, मटिहानी, भडरिया, धनौजी, महिनाथपुर, खजुरी, इनर्वा जस्ता खुल्ला नाकाबाट साइकल, मोटरसाइकलमै लाखौं मूल्यको काउली दैनिक रूपमा नेपाल पसिरहेको छ।

सरकारले न त मलखाद्य, न विउविजन, न सिंचाइ सुविधा प्रभावकारी रूपमा दिन सकेको छ। फेरि, विदेशी कृषि उपजको अनियन्त्रित प्रवेश रोक्ने उपाय पनि अवलम्बन गरेको देखिँदैन। किसान सतीस मियाँ र दस्ती मियाँ कवारीको पीडा यही हो–"हाम्रो जीविका कसरी चल्छ ?" यो प्रश्न केवल महोत्तरीका किसानको मात्र होइन, सम्पूर्ण मधेश र देशभरका कृषकहरूको साझाताको प्रश्न हो।

स्थानीय उत्पादनलाई संरक्षण गर्न, किसानलाई घाटाबाट जोगाउन र कृषि व्यवसायलाई टेवा दिन सरकार तथा राज्य संयन्त्रले अब ढिला नगरी कदम चाल्नु अपरिहार्य छ। सीमामा कडाइको निगरानी, अनियन्त्रित आयातमा तत्काल रोक, किसानलाई आवश्यक अनुदान, प्राविधिक सहयोग र बजार व्यवस्थापन, र स्थानीय उत्पादनलाई प्राथमिकतामा राख्ने नीति–यिनै उपायहरूले मात्र किसानको बारीमा फुलेको काउलीले उनीहरूको घरमा खुसी फुलाउन सक्छ।

किसानले पसिना बगाएको माटोले कहिल्यै धोका दिँदैन, तर राज्यले किसानलाई यसरी निराश बनाउने हो भने कृषि संकट झनै गहिरिँदै जाने निश्चित छ। सीमापारबाट आउने काउली होइन, किसानको पसिनाले उब्जेको स्थानीय उत्पादन नै बजारमा प्राथमिकता पाओस्–यही माग न्यायसंगत छ, यही माग पूरा गर्नु राज्यको दायित्व हो।

# पोर्न र पोलिटिक्स



राजेन्द्र कार्की

पश्चिमी दुनियाँमा नेतालाई डाइपरको उपमा दिने चलन छ। डाइपर मलमूत्र व्यवस्थापनको लागि हो भने नेता समाज र देश व्यवस्थापनको लागि हो। यस अर्थमा नेता र डाइपर दुवै सेवक हुन्। तर जति नै सेवा दिए पनि फोहोर भएपछि गन्हाउँछन्। समयमै फेरिएन भने दुर्गन्ध फैलिन्छ। त्यसैले भन्ने गरिन्छ- नेता र डाइपरलाई बेलाबेला फेर्नुपर्छ। त्यही अनुरूपको पश्चिमी दुनियाँमा संस्कार विकास भएको छ।

नेताहरू मीठा सपना बेच्छन्। आदर्श बन्छन्। त्यसैको आधारमा लोकप्रिय भएर पार्टी र सत्ताको नेतृत्वमा पुग्छन्। सत्तामा पुगेपछि उनीहरूमा अहम् बढ्छ र शक्तिको दुरुपयोग गर्न थाल्छन्। भ्रष्टाचार गर्छन्। त्यसले जनआक्रोश बढाउँछ। विरोध र आन्दोलन हुन्छ। त्यतिले पनि भएन भने जनविद्रोह हुन्छ। अहिले अमेरिकामा चलेको 'नो किङ्ग' आन्दोलन त्यसैको उदाहरण हो। नेपाल, श्रीलंका र बंगलादेशमा त्यही भयो।



पश्चिमी दुनियाँमा राजनीतिका डाइपरले गन्हाएको चाल पाएपछि आफैं मल तथा मूत्रद्वार त्याग गर्छन्। क्यानडाका जस्टिन ट्रुडोले त्यही गरे। नत्र उनलाई त्यो द्वारबाट हटाउन कसैले सक्ने अवस्था थिएन। उनले पार्टीको नेतृत्व त्याग गरेपछि नयाँ नेतृत्वमा मार्क कार्नी आए। पार्टी नेता फेरिने बित्तिकै लिवरल पार्टीलाई पुनः सत्ताको डाइपर हुने मौका मिल्यो। ट्रुडोभन्दा अगाडि स्टेफन हार्परले त्यही गरे। बेलायतका ऋषि सुनकले त्यसै गरे।

राजनीतिको मल र मूत्रद्वार छाडेपछि संगीतको दुनियाँमा नाम, दाम र इज्जत कमाएकी रूप सुन्दरी केटी पेरीसँग ट्रुडो प्रेमको मीठा जेरी चाख्दैछन्। नयाँ गर्लफ्रेण्डसँग रोमान्सको जिन्दगी बाँचिरहेका छन्। नेपाली राजनीतिका डाइपरले ट्रुडो, हार्पर र ऋषिबाट कहिले सिक्ने होलान् ?

राजनीतिक डाइपर फेर्न कठिन छ नेपालमा। कठिन मात्र नभएर लगभग असम्भव नै छ। तीसौं वर्षदेखि उनै डाइपर छन्। अझ तीन पार्टीका मुख्य तीन डाइपरले आलोपालो सत्ताको खालो काढेका छन्। जति नै दुर्गन्धित भए पनि उनीहरूलाई न त पार्टीले हटाउन सक्छन्, न जनताले नै हटाउन सक्छन्। किनकि ऐन-कानून त्यही अनुरूपको बनाएका छन् र परिपाटी त्यही अनुरूप विकास गरेका छन्।

नेपालमा राजनैतिक दलका डाइपर मात्र होइन, समाजका हरेक क्षेत्रका डाइपरहरू फेर्न कठिन छ। नेपाली समाजको नाकमा दुर्गन्ध कसरी सुगन्ध बन्छ ? केले बनेको छ नाक ? लामो समयसम्म किन मल तथा मूत्रद्वार त्याग्न खोज्दैनन् ?

नेपाली नेताहरू देशको आर्थिक, सामरिक र सामाजिक हैसियत एवं परिवेश भन्दा ठूला सपना बेच्छन्। सत्ताको चेयरमा भएको बेला देशलाई युरोपको स्वीट्जरल्याण्ड देख्छन्। सत्ताबाट बाहिरिने बित्तिकै अफ्रिकाको स्वाजील्याण्ड देख्छन्। स्वीट्जरल्याण्ड र स्वाजील्याण्डको पक्ष-विपक्षमा तिनका साइवर सेना युद्ध लड्छन्। लोकतन्त्र र गणतन्त्रको लागि जीवन आहुति गरेका उनीहरू आफैंले देशमा केही भएन भन्ने भाष्य विकास गरेका छन्।

दुई वर्ष अगाडि २०८० सालमा खाइराइड हास्यव्यंग्य निबन्ध संग्रह प्रकाशनको लागि म नेपाल गएको थिएँ। जन्म गाउँ भोजपुरको दावा पुगें। दुई लेनको पिचबाटोमा गनन्न मोटर दौडेको देख्दा मलाई सपना जस्तो लाग्यो। सानो छँदा हामीले मोटर बाटो पुग्ला भनेर कल्पना गरेका थिएनौं। हुनत सडक नपुगेका जिल्ला अहिले छैनन् होला।

टाढा-टाढा घर छरिएर रहेका गाउँका घरमा बिजुली बल्दो रहेछ। पाइपबाट घर-घरमा पानी पुगेको रहेछ। फोन र इन्टरनेट पुगेको रहेछ। गाउँमा बैंक र स्वास्थ्य चौकी रहेछन्। होटल तथा लज खुलेका रहेछन्। प्रहरी कार्यालय रहेछ।

म पढेको प्राथमिक र माध्यमिक विद्यालयका भवन राम्रा बनेका रहेछन्। मेरो गाउँमा मात्र नभएर देशका अन्य धेरै गाउँमा त्यस्तै विकास भएको रहेछ। देशमा केही पनि हुँदै नभएको होइन। तर हुनुपर्ने जति नभएको हो।

गाउँमै बसेर मिहिनेत गर्ने मेरा काकाकी छोरी तथा छिमेकी बहिनी शारदा थापाले तरक्की गरेकी रहिछन्। घर आनन्द लाग्ने देखिन्थ्यो। उनको खेतबारी हराभरा थियो। सुन्तला मात्र सालको १० लाखको बेच्छु भन्दै थिइन्। अर्का दाइ नमश कार्कीले बाख्रापालन गरेका रहेछन्। खोरमा लोभलाग्दा खसी थिए। धान र सुन्तला लटरम्म फलेका थिए।

शहर र विदेश भाग्ने म जस्ताको घरको आँगन जंगलले ढाकेको रहेछ। गाउँमा पहिले जस्तो मान्छे थिएनन्। दावा बजारमा चहलपहल पहिले जस्तो थिएन। होस् पनि कसरी? गाउँमा काम गर्नुपर्छ। देशमा केही भएन भन्दै मिडिया र सोसल मिडियामा कराएको भरमा खान पाइँदैन।

भौतिक विकासले मात्र जनतामा खुशी ल्याएन। त्यसको मुख्य कारण राज्यका हरेक क्षेत्रमा दलीयकरण हो। कुनै क्षेत्र बाँकी नराखी दलहरूले भ्रातृ संगठन बनाएका छन्। पत्रकार, कर्मचारी, व्यापारी, शिक्षक, विद्यार्थी, प्राध्यापक, साहित्यकार, कलाकार, डाक्टर, इन्जिनियर कसैलाई दलीयकरण गर्न बाँकी राखेनन्। देशमा मात्र नभएर विदेशमा पनि दलका भ्रातृ संगठन बनेका छन्।

बिचौलिया मार्फत पद किनबेच छ। सरकारी निकाय भर्तीकेन्द्र बनेका छन्। विद्यालय, विश्वविद्यालय, न्यायालय, प्रहरी, प्रशासन केही बाँकी रहेन। सर्वसाधारणले पाउने सेवा प्रवाह प्रभावकारी भएन। त्यसैले चारैतिर चरम निराशा र वितृष्णा छ।

शिक्षा र स्वास्थ्य व्यापार भएको छ। स्कूल कलेजको व्यापार अपार छ। सरकारी स्कूल ऋण र अनुदान मागेर खाने भाँडो भएका छन्। सरकारी स्कूलमा स्कूलकै शिक्षकका छोराछोरी पढ्दैनन्। नर्सिङ र मेडिकल कलेज मेडिकल माफियाको लागि फुपूको धन भएका छन्। केही अपवाद बाहेक अस्पताल पनि मेडिकल माफियाकै पोल्टामा छन्। विद्यालय तहको सरकारी शिक्षा व्यापारकै लागि लगभग मृत बनाइएको छ।

पूँजीवादी अमेरिकामा पनि शिक्षा र स्वास्थ्यलाई शतप्रतिशत व्यापार बनाइएको छैन। गरीब र न्यून आय भएका मानिसले उपचारको लागि घरखेत बेच्नुपर्दैन। उनीहरूले निःशुल्क वा न्यून शुल्कमा उपचार पाउँछन्। झन् क्यानडामा आधारभूत स्वास्थ्य सेवा निःशुल्क छ।

डोनाल्ड ट्रम्पले सुलभ स्वास्थ्य सेवा (ओबामा केयर) को बजेट कटौती गर्न खोज्दा सिनेटबाट बजेट पास हुन सकेन। त्यसैले संघीय सरकार चालीस दिनभन्दा बढी समय बन्द भयो। सिद्धान्तमा पूँजीवादी भए पनि व्यवहारमा अमेरिका न्यून समाजवादी देश हो, जसले शिक्षा र स्वास्थ्यलाई नेपालले जस्तो पूरै व्यापारिक बनाएको छैन।

कुशासनकै कारणले जेनजी आन्दोलन भयो। आन्दोलनको माग के थियो ? त्यो आन्दोलनमा के भयो? भन्नै परेन। तर त्यो एउटा हरर फिल्म जस्तो थियो। फिल्ममा ७२ भन्दा बढी बालबालिका

*बाँकी ३ पृष्ठमा*


## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

समाचार दैनिक जनकपुर

# बंगलादेशकी पूर्व प्रधानमन्त्री शेख हसिनालाई मृत्युदण्ड सजाय, मानवता विरुद्धका अपराधमा दोषी ठहर



काठमाडौं १ मंसिर । बंगलादेशको अन्तर्राष्ट्रिय अपराध न्यायाधीकरणले पूर्व प्रधानमन्त्री शेख हसिनालाई मानवता विरुद्धका अपराधमा दोषी ठहर गर्दै मृत्युदण्डको सजाय सुनाएको छ।

बंगलादेशको राजधानी ढाकास्थित अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरण अदालतले मानवताको अपराधमा पूर्वप्रधानमन्त्री हसिनालाई मृत्युदण्डको सुजाय सुनाएको हो ।

अभियोजन पक्षले गत जुनमा अदालतमा हसिनासहित तीन जनाविरुद्ध मुद्दा दायर गरेका थिए । जसमध्ये अदालतले तत्कालीन गृहमन्त्री आसदुज्जामान खान कमाल समेतलाई मृत्युदण्डको सजाय सुनाएको छ । तत्कालीन प्रहरी प्रमुख अल ममूनलाई भने सरकारी साक्षी बनेका कारण ५ वर्षको जेल सजाय सुनाइएको छ ।

४५३ पृष्ठको फैसलाको प्रतिलिपि पढ्नुअघि न्यायाधीश मोहम्मद गुलाम मुर्तजा मजुमदारले यो फैसला छ भागमा सुनाइने जानकारी दिए।

गत वर्ष जुलाई-अगस्टमा भएको विद्रोहका क्रममा मानवीय अपराध गरेको आरोप शेख हसिनामाथि लगाइएको थियो। भारतमा निर्वासनमा बसेकी हसिनाको अनुपस्थितिमै उनीविरुद्ध मुद्दा चलाइएको थियो।

सोही मुद्दामाथि सुनुवाइ गर्दै अदालतले हसिना र पूर्वगृहमन्त्री खान कमालविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो ।

सोही आन्दोलनका कारण हसिना सत्ताच्यूत भएकी थिइन् । अगस्ट २०२४ मा हसिना देशबाट भागेर भारतमा निवार्सनमा छिन् ।

बंगलादेश टेलिभिजनले उक्त फैसलाको घोषणा प्रत्यक्ष प्रसारण गरेको थियो ।

***के हो मुद्दा ?***

गत जुनमा भएको आन्दोलनमा हसिना नेतृत्वको तत्कालीन सरकारको दमनका कारण १४०० मानिसको हत्या र २५ हजार मानिस घाइते भएको आरोप लगाइएको थियो ।

अभियोजक पक्षले अदालतलाई मृत व्यक्तिको सूची समेत बुझाएको थियो ।

पूर्वप्रधानमन्त्री हसिनासमेत तीन अभियुक्त विरुद्ध लगाइएको आरोपको समर्थनमा अदालतमा ७४७ पेजको दस्तावेद दाखिला गरिएको थियो ।

हसिनासहित, तत्कालीन गृहमन्त्री र प्रहरी प्रमुखविरुद्ध आन्दोलनमा हत्या, हत्या प्रयास, षड्यन्त्र, दमन गर्न उक्साएको जस्ता गम्भीर आरोप लगाइएको थियो । अभियोजक ताजुल इस्लामले १३ जनाको हत्यामा उल्लेखित आरोप समेत रहेको अदालतमा बताएका बीबीसी हिन्दीले उल्लेख गरेको छ ।

उनले भने, 'शेख हसिनाले गत सात १४ जुलाईमा प्रधानमन्त्री पदमा बस्दा एक पत्रकार सम्मेलनमा छात्रहरूलाई 'रजाकर'को नाती भनेर उक्साउने किसिमको टिप्पणी गरेकी थिइन् ।'

बंगलादेशमा रजाकरलाई देशद्रोही वा गद्दारका रूपमा अपमान गर्न प्रयोग गर्ने प्रचलन छ । सन् १९७१ मा बंगलादेश मुक्ति युद्धका दौरान पाकिस्तानी सेनालाई सघाएका गरेका र देशविरुद्धको जघन्य अपराधमा संलग्न रहने समुदाय, व्यक्ति, जातीविरुद्ध यस्ता शब्द प्रयोग हुने गर्छ ।

आरोप पत्रमा भनिएको छ,'अभियुक्त असदुज्जमान खान कमाल र चौधरी अब्दुल्ला अल मामूल समेत सरकारका शीर्ष अधिकारीहरूको उक्साहट र उनीहरूको सहायताले कानुनी व्यवस्था सम्हाल्ने निकाय तथा सत्तारुढ अवामी लिगका हतियारधारी समूहले ठूलो मात्रामा सुनियोजित तरिकाले निहत्था छात्रछात्राहरू र आम मानिसमाथि आक्रमण गर्नुका साथै हत्या समेत गरे, हत्या प्रयास र उत्पीडनमा सहायता पुऱ्याए ।'आन्दोलनमा भएको दमन, क्षतिबारे जानकार रहँदा पनि नरोकेको भन्दै उनीहरूविरुद्ध षड्यन्त्रको आरोप लगाइएको थियो ।शेख हसिनासहित तीन जनामाथि रंगपुरमा रहेको बेगम रोकैया विश्वविद्यालयका छात्र अबू सईदलाई विना कुनै उक्साहट हत्या गरेको र राजधानी ढाकास्थित चंखर पुलमा ६ जनाको हत्या आरोप समेत लगाइएको थियो ।

गत वर्षको ५ अगस्टमा अशुलियामा पाँच जनाको गोली हत्या गरेर उनीहरूको शव जलाइएको र एकजनालाई जिउँदै जलाएको समेतको आरोप उनीहरूमाथि थियो । सोही अर्थात् ५ अगस्ट २०२४ मा आन्दोलन झन् भड्किएर हसिनासहित अन्य आरोपी देश छाडेर भाग्नु परेको थियो ।

# राष्ट्र बैंकको आम्दानी साढे ८० अर्ब तरलता व्यवस्थापनमा खर्चियो ९ अर्ब



दैनिक समाचारदाता

काठमाडौं, १ मंसिर । नेपाल राष्ट्र बैंकले गत आर्थिक वर्षमा ८० अर्ब ४८ करोड रुपैयाँ खुद आम्दानी गरेको छ । बैंकमा विदेशी विनिमय सञ्चितिमा ऐतिहासिक सुधार आएसँगै खुद आय पनि बढेको हो ।

राष्ट्र बैंकले विदेशी मुद्रा लगानीमार्फत आम्दानी गर्छ । विदेशी मुद्रालाई नेपालभन्दा बाहिर सरकार तथा अरु केन्द्रीय बैंकका वित्तीय औजारहरूमा लगानी गर्छ ।

विदेशी विनिमय सञ्चितिको अवस्थाले राष्ट्र बैंकको आम्दानीलाई प्रभावित बनाउँछ । पछिल्लो समय रेमिट्यान्समा आएको उच्च वृद्धि तथा आन्तरिक अर्थतन्त्र सुस्त हुँदा केन्द्रीय बैंकमा विदेशी विनिमय सञ्चिति हालसम्मकै उच्च रहँदै आएको छ ।

चालु आर्थिक वर्षको असोजसम्मको तथ्याङ्कअनुसार कुल विदेशी विनिमय सञ्चिति २९ खर्ब ७९ अर्ब रुपैयाँ बराबर पुगेको छ ।

नेपाल राष्ट्र बैंकको गत आर्थिक वर्षको कमाइ अघिल्लो आर्थिक वर्षको तुलनामा ९.११ प्रतिशतले धेरै हो ।

राष्ट्र बैंकले उक्त खुद आयलाई विभिन्न कोषमा छुट्याएपछि ४२ अर्ब रुपैयाँ नेपाल सरकारलाई उपलब्ध गराउने निर्णय गरेको प्रवक्ता गुरु पौडेलले बताए ।

केन्द्रीय बैंकले सरकारलाई उपलब्ध गराउने उक्त रकम अघिल्लो आवको तुलनामा ५ अर्बले धेरै हो । आर्थिक २०८०/८१ मा बैंकले ३७ अर्ब २२ करोड रुपैयाँ सरकारलाई उपलब्ध गराएको थियो ।

पौडेलका अनुसार केन्द्रीय बैंकले आम्दानी गर्ने मुख्य स्रोत भनेको विदेशी मुद्राको लगानी हो । साथै वित्तीय प्रणालीमा तरलता संकुचन भएको अवस्थामा तरलता व्यवस्थापनबाट पनि केन्द्रीय बैंकलाई आम्दानी हुन्छ ।

पछिल्ला वर्ष अधिक तरलताका कारण राष्ट्र बैंकले ठूलै रकम खर्च गरेर तरलता व्यवस्थापन गर्दै आएको छ । गत वर्ष करिब ९ अर्ब रुपैयाँ तरलता व्यवस्थापनका लागि खर्चेको बैंकले जनाएको छ । चालु आर्थिक वर्षमा तरलता व्यवस्थापनका लागि गरिने खर्च गत आवको भन्दा धेरै हुने अनुमान छ ।

बैंकले गत आर्थिक वर्षको प्रतिवेदन पनि सरकारलाई बुझाइ सकेको छ । गभर्नर प्रा.डा. विश्वनाथ पौडेलले उक्त प्रतिवेदन आइतबार अर्थमन्त्री रामेश्वरप्रसाद खनाललाई बुझाएका हुन् ।

तीन वटा खण्डमा विभाजित उक्त प्रतिवेदनको पहिलो खण्डमा आर्थिक वर्ष २०८१/८२ को समष्टिगत आर्थिक तथा वित्तीय स्थितिलाई समेटिएको छ । दोस्रो खण्डमा बैंकका कामकारबाहीको विवरण र तेस्रो खण्डमा बैंकको गत आर्थिक वर्षको वित्तीय विवरणलाई प्रस्तुत गरिएको छ । वित्तीय विवरणमा गत आर्थिक वर्षको अन्तिम लेखापरीक्षणका विवरणलाई समेटिएको छ ।

२०८२ असार मसान्तसम्मको वित्तीय स्थितिको विवरणअनुसार बैंकको सम्पत्ति तथा दायित्व २०८१ असार मसान्तको तुलनामा २९.२३ प्रतिशतले वृद्धि भई २६ खर्ब ७१ अर्ब २३ करोड ९५ लाख ४० हजार पुगेको छ ।

## पोर्न........

र युवाको ज्यान गयो। देश खरानी हुनबाट बचेन। देश-विदेश जहाँका भए पनि देश खरानी बनाउने पात्रहरू कुपात्र हुन्।

यो फिल्मको निर्माता र निर्देशक को थिए? थाहा भएन। तर दृश्यमा देखिने पात्र जेनजी थिए। फिल्मको ट्रेलरमा कथा सुशासन थियो। ट्रेलरमा देखाइएको थियो- कुशासनका खलनायकहरू सदाका लागि विदा हुनेछन् र पर्दामा फेरि कहिल्यै देखिने छैनन्। आशा जागेको थियो। तर फिल्म त्यस्तो बनेन।

फिल्ममा अकल्पनीय घटना भयो। तर जिम्मेवार को ? त्यसको जिम्मेवारी कसले लिने ? सरकार प्रमुखले लिन पर्दैन ? सरकार र सरकारमा सहभागी दलले लिन पर्दैन ? प्रतिपक्ष र संसद्मा भएका दलले लिन पर्दैन ? तर कसैले लिंदैनन्। एउटा घरपरिवारमा त हरेकको जिम्मेवारी हुन्छ भने देशमा चाहिं कसैको जिम्मेवारी हुँदैन ? अदृश्य देशी-विदेशी शक्तिको चलखेल र षडयन्त्रलाई दोष देखाएर उम्कन मिल्छ ?

जेनजी स्वयंले 'जेनजीको आन्दोलन हाइज्याक भयो' भनेको सुन्दा जेनजीको खोल ओढेर नेपाल सिध्याउने खेलमा देशी-विदेशी शक्ति लागेका थिए भन्न सकिन्छ। तर नेपाल जस्तो सामरिक महत्वको देशमा विदेशी चलखेल भइरहन्छ। उपयुक्त पात्र र कथा नभएसम्म चलखेल फेल भएका उदाहरण संसारमा थुप्रै छन्।

देशी-विदेशी शक्तिले देशलाई खरानी बनाउने खेल खेल्दा सुइँको पनि नपाउने कस्तो राज्य संयन्त्र? कस्तो सुरक्षा परिषद् ? लाखौं लाख सदस्य भएका दलहरूले किन प्रतिरोध गरेनन्? किन एकजुट भएर परास्त गर्न सकेनन्? नसकेकोमा तह अनुरूप जिम्मेवारी लिनुपर्ने हो कि होइन ? पर्ने हो।

पत्रकार र नागरिक समाज प्रत्यक्ष रूपमा जिम्मेवार नहोलान्, तर भाइरल बन्न र विपक्षीलाई खुइल्याउन प्रायोजनमा गरिने नकारात्मक न्यूज र भ्यूजको जिम्मेवारी उनीहरूले लिनुपर्छ। नत्र मिडिया हाउसहरू किन जल्थे ? नागरिक अगुवा क-कसका एजेन्ट भनेर किन गाली खान्छन् ? हावा नचली पात अवश्य हल्लिंदैन।

हरेकका जिम्मेवारी हुन्छन्। ती जिम्मेवारी कानूनी मात्रै हुँदैनन्। नैतिक पनि हुन्छन्। नैतिक जिम्मेवारी कसैले तोक्दैन। सडक तथा बाटोमा कुकुरलाई दिसापिसाब गराउन वा फोहोर फाल्न हुँदैन भन्ने आफैंभित्रको चेतनाले भन्ने हो। हरेक गल्लीमा पुलिस तथा नगरपालिका बसेर रोक्न सम्भव हुँदैन।

नैतिक जिम्मेवारीको बोध हुँदा समाजको सुई कसैको बुई नचढी चलिरहन्छ। समाजको रहनसहन, मर्यादा, शिक्षा, कर्म, रीतिरिवाजबाट नै संस्कार विकास हुने हो। त्यो संस्कारले नै समाजको चरित्र देखाउँछ। त्यो चरित्र राजनीतिक नेतामा मात्र नभएर समाजका हरेक व्यक्तिमा हुन्छ।

विश्व प्रसिद्ध पूर्व पोर्न स्टार मिया खलिफा २१ वर्षको कलिलो उमेरमा दलालको जालमा परेर पोर्न उद्योगमा फस्न पुगिन् र भयानक परिणाम भोगिन्। बीबीसीको स्टेफन साकरसँगको अन्तर्वार्तामा पोर्न कर्मको जिम्मेवारी आफैं लिन्छिन्। कसैलाई दोषारोपण गर्दिनन्। तर नेता किन आफ्नो कर्मको जिम्मेवार लिंदैनन्? के पोर्नमा जति पनि पोलिटिक्समा नैतिकता र जिम्मेवारी हुँदैन ?

पोर्न उद्योगमै सबैभन्दा बढी 'फ्यान फलोअर' भएकी मिया खलिफा पोर्न छाडेर नयाँ पेशा र व्यवसाय गरिरहेकी छिन्। सँगसँगै पोर्नले पार्ने नकारात्मक प्रभावको बारेमा पनि उनी बहस र छलफल गर्छिन्। तर बद्नाम हुँदा पनि नेपाली नेता किन आजीवन राजनीति छोड्न सक्दैनन्? खालिफा अर्को पेशामा बाँच्न सक्छिन् भने नेपाली नेता किन बाँच्न सक्दैनन?

यौनको मूल उद्देश्य जीवनको सृजना हो भने राजनीतिको उद्देश्य जीवनको रक्षा। जब यौन जीवन सृजनाको लागि नभएर व्यापारको लागि हुन्छ, तब त्यो पोर्न हुन्छ। राजनीति सेवाको लागि नभएर व्यापारको लागि भयो भने त्यो पतन हुन्छ।

पाउलो फ्रेरेले ब्राजिल र चिलीका गरीब तथा उत्पीडितलाई पढाउँदाको अनुभवको आधारमा 'पीडितहरूको शिक्षाशास्त्र' ( पेडागोजी अफ द अप्रेस्ड) नामक पुस्तक लेखेका छन्। पुस्तकमा उनको भनाइ छ- लामो समयसम्म कोही दासता, गरीबी वा अन्यायमा उत्पीडित भएर बस्छ भने उसले स्वतन्त्रताको भाषा सिक्दैन। बरु उत्पीडितको भाषा र संस्कार नक्कल गर्न सिक्छ। किनकि उसले त्यही देखेको हुन्छ। जब उत्पीडित सत्तामा पुग्छ, तब उसले स्वतन्त्रता होइन, नयाँ प्रकारको नियन्त्रण गर्छ र प्रतिशोध साध्न थाल्छ।नेपालका दलले राणा र राजा हटाउन आन्दोलन गरे। सफल भयो। तर पाउलो फ्रेरेले व्याख्या गरे झैं दलका नेताले २००७ सालभन्दा पहिले राणाको मोजमस्ती देखेका थिए। २०१७ सालपछि राजाका परिवारकाको मोजमस्ती देखे। सत्तामा पुगेपछि त्यही गरे, जे राणा र राजाले गरेको देखेका थिए। किनकि उनीहरूको अवचेतन मनमा त्यही बसेको थियो।

रातमा देख्ने सपनालाई केही चाहिंदैन; देखे मात्र पुग्छ। तर दिनमा देख्ने सपनालाई स्रोत चाहिन्छ। स्रोत मात्र भएर पनि पुग्दैन; त्यो स्रोतको सही उपयोग र व्यवस्थापन हुनपर्छ। त्यसको लागि नेतृत्वमा ठूलो इमान र नैतिकता चाहिन्छ। जहाँ विकास भएका छन्, ती विकास दलमा लागेर गरेको भाषणको बलले भएका होइनन्। आफ्नो जिम्मेवारी इमानका साथ पूरा गरेर भएका हुन्।

दिग्भ्रमित समाजले मात्र राति सुत्दा देखेको चामत्कारिक सपना बिहान उठ्दा पूरा हुने ठान्छ। नेपाली समाजले अब पूरा नहुने सपना कहिल्यै नदेखोस्। २००७ सालदेखि २०६३ सालसम्म देखेका सपना त कहिल्यै पूरा भएनन्। तर २०८२ सालको सपना पूरा होस्। फेरि पटक-पटक कसैको ज्यान नजाओस् र अब देश कहिल्यै खरानी नहोस्। अनलाइनखबरडटकमबाट

समाचार | जि.प्र.का.ध.द.नं. २३८/०७४/७५
जि.हु.का.ध.द.नं. २१९/०७४/७५ | **२०८२ मंसिर ०२ गते मंगलवार** [18 Nov. 2025] | समाचार दैनिक जनकपुर

# मतदाता परिचयपत्र बनाउनेको भिडमा कमी : ८० हजार नयाँ थपियो

दैनिक समाचारदाता
जनकपुरधाम, १ मंसिर। प्रतिनिधिसभा निर्वाचनको समय तोकिएपछि निर्वाचन कार्यालयहरुमा मतदाता परिचयपत्र बनाउनेहरुको घुइचो लाग्न थाल्यो। निर्वाचन प्रदेश कार्यालय जनकपुरधाममा विहानदेखि बेलुकासम्म सयौंको संख्यामा मतदाता परिचयपत्र बनाउनेहरुको घुइचो लाग्थ्यो। तर निर्वाचन कार्यालयले म्याद थपिएपछि भीडभाड कम हुन थाल्यो। न।

पहिले मतदाता परिचयपत्र बनाउन लामो लाइन लाग्ने, फाराम भर्न दक्ष जनशक्ति नपाइने, प्राविधिक समस्याका कारण कार्यविधि ढिलो हुने जस्ता चुनौतिहरू देखिन्थे। तर अहिले आयोगले सेवाग्राहीलाई आफैंले फाराम भर्न दिने व्यवस्था मिलाएको छ। राष्ट्रिय परिचयपत्रको बायोमेट्रिक विवरणलाई प्रत्यक्ष मतदाता परिचयपत्रमा लिंक गर्न मिल्ने व्यवस्था लागू भएपछि कार्यालयको काम झनै सहज भएको छ।

मधेश प्रदेश निर्वाचन कार्यालय, जनकपुरधामका कम्प्युटर अधिकृत कृष्ण राउतका अनुसार, "पहिलेको तुलनामा चाप निकै कम छ। फाराम आफैं भर्न सक्ने व्यवस्था र राष्ट्रिय परिचयपत्र लिंक प्रणालीका कारण कार्यालयमा भीड घटेको हो।"

यद्यपि प्राविधिक सीप तथा मोबाइल/अनलाइन प्रयोगमा सहज नभएकाहरू, विशेषगरी ग्रामीण भेगका सेवाग्राही, अझै



पनि कार्यालयमै आएर सहयोग लिने प्रवृत्तिमा छन्। राउतका अनुसार, "यस्ता सेवाग्राहीको संख्या दैनिक करिब १ हजार जति छ, जसका लागि कार्यालयले अलग काउण्टर र प्राविधिक व्यवस्था मिलाएको छ।"

मधेश प्रदेश निर्वाचन कार्यालयका अनुसार, जनकपुरधामस्थित कार्यालयमा मात्रै हिजोसम्म १२ हजार ३६ नयाँ मतदाता सूचीकृत भइसकेका छन् भने मधेश प्रदेशका आठै जिल्लाबाट ७९ हजार ३ सय ९१ मतदाता नयाँ रूपमा थपिएका छन्।

निर्वाचन आयोगले मङ्सिर ५ गतेसम्म म्याद रहेको बताउँदै, अझै केही हजार मतदाता थपिने अनुमान गरेको छ।

मतदाता परिचयपत्र बनाउने कार्य सजिलो भए पनि राष्ट्रिय परिचयपत्र अनिवार्य रूपमा लिंक हुनुपर्ने भएकाले जिल्ला प्रशासन कार्यालयहरूमा भने सेवाग्राहीको चाप उल्लेख्य रूपमा बढेको देखिन्छ। धनुषा सहितका अन्य जिल्ला प्रशासन कार्यालयहरूमा दैनिक सयौं सेवाग्राही राष्ट्रिय परिचयपत्रका लागि पुगिरहेका छन्।

मतदाता परिचयपत्र बनाउन आउनेमध्ये सबैभन्दा धेरै नयाँ पुस्ताका युवा देखिनु ठूलो परिवर्तनका रूपमा लिइएको छ। पहिलो पटक मत हाल्ने उत्साह, प्रत्येक नागरिकलाई निर्वाचन प्रक्रियामा सहभागी गराउने सरकारी प्रयास, तथा मतदाताको अधिकारप्रति जागरण अभियानले यसमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ।

निर्वाचनमा कुनै पनि नागरिक नछुटोस् भन्ने उद्देश्यले आयोगले पाँच दिन म्याद थपेको हो। यसले ग्रामीण क्षेत्र, विद्यार्थी वर्ग, र विदेशबाट फर्किएका नागरिकलाई मतदाता सूचिमा नाम दर्ता गर्न सहज बनाएको छ। मतदाता परिचयपत्र बनाउन म्याद थपिए पनि कार्यालयहरूमा भीड कम देखिनु नयाँ प्रविधि र सेवाप्रवाहमा आएको सुधारको प्रत्यक्ष प्रभाव हो। राष्ट्रिय परिचयपत्र र मतदाता परिचयपत्रबीचको डिजिटल लिङ्केजले भविष्यमा निर्वाचन व्यवस्थापन अझै छरितो, पारदर्शी र आधुनिक बनाउन मद्दत गर्ने अपेक्षा गरिएको छ।


# सामाजिक सञ्जालमा आरोपको झड्का काम नगरी तलब खाने सभामुख परिवार

दैनिक समाचारदाता
जनकपुरधाम, १ मंसिर। मधेश प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलमाथि हाल सामाजिक सञ्जालमा गम्भीर आरोपसहित कठोर टिप्पणीहरू आएका छन्। फेसबुकमा केही सांसद तथा राजनीतिक व्यक्तिहरूले सभामुख मण्डलले पदको दुरुपयोग गर्दै प्रदेशसभा सचिवालयलाई पारिवारिक रोजगारी केन्द्रका रूपमा प्रयोग गरेको आरोप सार्वजनिक गरेका छन्।

राष्ट्रिय मुक्ती पार्टी नेपालका सचिव सञ्जय चौधरीले आफ्नो फेसबुक पेजमार्फत सभामुख मण्डलप्रति अपमानजनक शब्द प्रयोग गर्दै, "प्रदेश सभा परिवार भर्ती केन्द्र(सभामुख (एमाले) रामचन्द्र मण्डलले आफ्नै श्रीमती, छोरा, दुई छोरी र ज्वाइँलाई प्रदेशसभा सचिवालयमा करारमा नियुक्ति गरेका छन्," भनेर टिप्पणी गरेका छन्।

त्यसबाहेक मधेश प्रदेशसभा सदस्य ललिता दास 'विद्रोही'ले पनि सभामुखमाथि प्रश्न उठाउँदै लेखेकी छन( "सभामुख मण्डलले पद र शक्तिको दुरुपयोग गर्दै पूरै सचिवालयलाई पारिवारिक रोजगारी केन्द्र बनाइदिएका छन्। नियुक्त गरिएका व्यक्तिहरूमध्ये




धेरैजना कार्यालय नआइकनै घरमै बसेर तलब बुझिरहेको तथ्य झनै गम्भीर छ।"

सांसद दासले सभामुख तथा सचिवालयको मासिक तलब र नियुक्ति विवरणको प्रमाणित प्रतिलिपि समेत सार्वजनिक गर्दै मण्डल परिवारका सदस्यहरू नियमित हाजिरी नदिइकनै लाखौं रुपैयाँ तलब बुझ्दै आएको आरोप लगाएकी छन्। उनका अनुसार सभामुखकी श्रीमती, छोरा, दुवै छोरी र ज्वाइँ करारमा विभिन्न पदमा नियुक्त छन्, तर तीमध्ये कतिपय काठमाडौंमै बस्दै आएका छन्।सचिवालयका केही कर्मचारीहरूका भनाइअनुसार सभामुखका परिवार सदस्यले कार्यालयमा उपस्थित नै नभए पनि तलब भुक्तानी नियमित रूपमा हुँदै आएको छ। जनताको करबाट सञ्चालन हुने संवैधानिक निकायमा यसरी काम नगर्ने तथा योग्यता नपुगेका व्यक्तिलाई 'परिवारका मान्छे' भएको भरमा नियुक्त गर्ने कार्य पदीय दुरुपयोग र नातावादको स्पष्ट उदाहरण भएको सरोकारवालाहरूको प्रतिक्रिया छ।

प्रशासनिक विश्लेषकहरू यो प्रकरणलाई गम्भीर चिन्ताको विषयका रूपमा लिंदै यसले प्रदेशसभाको नैतिकता, प्रशासनिक अनुशासन र आर्थिक पारदर्शिता सबै क्षेत्रमा ठूलो प्रश्न उठाएको बताएका छन्। एक विश्लेषकका शब्दमा, "सचिवालयजस्तो संवैधानिक संस्थामा हाजिरी नदिने कर्मचारी राख्नु केवल कुप्रथा मात्र होइन, शासन प्रणालीमै विश्वास कमजोर पार्ने काम हो।"

यस घटनापछि नागरिक समाज, अधिकारकर्मी र सर्वसाधारणले तत्काल निष्पक्ष छानबिन र दोषीमाथि कडा कारबाहीको माग गरेका छन्। मधेश प्रदेशसभाले भने यस वारेमा अहिलेसम्म आधिकारिक प्रतिक्रिया दिएको छैन।

# प्रधानमन्त्री कार्कीविरुद्ध अदालतको अवहेलनासम्बन्धी मुद्दा दायर

काठमाडौं १ मंसिर। सर्वोच्च अदालतमा प्रधानमन्त्री सुशीला कार्कीविरुद्ध अदालतको अवहेलनासम्बन्धी मुद्दा दर्ता भएको छ।राजदूत फिर्ता बोलाउने निर्णय तत्काल कार्यान्वयन नगर्न सर्वोच्च अदालतले दिएको आदेश पालना नगरेको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीविरुद्ध अवहेलना मुद्दा दायर गरिएको हो। अधिवक्ता प्रेम सिलवालले दायर गर्नुभएको सो मुद्दाको सुनुवाइ यही मङ्सिर ७ गते हुनेगरी तोकिएको सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले जानकारी दिनुभयो। वर्तमान सरकारले गत असोज ३० गते अघिल्लो सरकारको पालामा नियुक्त ११ देशका राजदूतलाई फिर्ता बोलाउने निर्णय गरेको थियो।यसअघि, सर्वोच्च अदालतका न्यायाधीशद्वय सारङ्गा सुवेदी र श्रीकान्त पौडेलको संयुक्त इजलासले राजदूत फिर्ता बोलाउने निर्णय तत्काल कार्यान्वयन नगरी यथास्थितिमा राख्न गत कात्तिक १६ गते अन्तरिम आदेश दिएको थियो।अदालतको आदेश आएकै भोलिपल्ट सरकारले राजदूत फिर्ता बोलाएर परराष्ट्र मन्त्रालयमा हाजिर हुन निर्देशन दिएको थियो। अदालतको सम्मान र कानुनी शासनका पक्षमा मुद्दा दायर गरेको अधिवक्ता सिलवालले जानकारी दिनुभयो। रासस

# फागुन २१ को चुनावी प्रयोजनका लागि रास्वपा आयोगमा दर्ता

दैनिक समाचारदाता
काठमाडौं १ मंसिर। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले फागुन २१ गते हुने प्रतिनिधिसभामा चुनावमा भाग लिन निर्वाचन आयोगमा निवेदन दिएको छ।

सोमवार निर्वाचनमा आयोगमा पुगेर लीमा अधिकारीसहितका नेताहरुले दल दर्ताका लागि आयोगमा निवेदन पेश गरेका हुन्।

राष्ट्रिय सभा र प्रतिनिधिसभा निर्वाचन प्रयोजनका लागि आफूहरुले दल दर्ताका लागि आयोगमा निवेदन दिएको नेतृ अधिकारीले जानकारी दिइन्। उनले विधिको शासन, नागरिक सर्वोच्चता र संविधानलाई ट्र्याकमा ल्याउन पनि निर्वाचनमा केन्द्रित हुने निष्कर्षमा आफ्नो पार्टी पुगेको दाबी गरिन्।




'हामी निर्वाचन केन्द्रित भएका छौं। हाम्रा सम्पूण गतिविधि निर्वाचनसँग सम्बन्धित छन्। बैकल्पिक शक्तिहरुको पनि निर्णायक भुमिका खेलिरहेको हाम्रो पार्टी जिम्मेवारी बोधका साथ लागेका छौं, अधिकारीले अगाडि भनिन्, 'हामीले विधिको शासन, नागरिकको सर्वोच्चता र संविधानलाई ट्र्याकमा ल्याउन पनि हामी सबै फागुन २१ को निर्वाचनमा होमिनु पर्दछ भन्ने निष्कर्ष निकालेका छौं।'

त्यस अवसरमा नेतृ अधिकारीले जेन-जी आन्दोलनपछि सबै भन्दा पहिला मुलुकलाई निर्वाचनमा लैजानुपर्छ भनेर माग गर्ने पार्टी नै रास्वपा रहेको दाबी समेत गरिन्।

# खेतमा लुकाएर राखिएको अवस्थामा ४५० थान मोबाइल बरामद

दैनिक समाचारदाता
वीरगञ्ज १ मंसिर। अवैध रुपमा राजस्व छली भारतबाट भित्र्याइएको ४५० थान मोबाइल पर्साको जिराभवानी गाउँपालिका-१ बलुवा गाउँको खेतमा लुकाएर राखिएको अवस्थामा सशस्त्र प्रहरीले बरामद गरेको छ।

तस्करहरूले भारतबाट ल्याएको लाभा कम्पनीको ४५० थान मोबाइल सशस्त्र प्रहरीले बरामद गरेको हो। सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट महादेव पट्टीबाट सशस्त्र प्रहरी निरीक्षक हरिचन्द्र खड्काको नेतृत्वमा खटिएको सशस्त्र प्रहरीले बलुवा गाउँस्थित धानबारीमा कार्टुनमा लुकाएर राखिएका मोबाइल



बरामद गरेको पर्साका सशस्त्र प्रहरी उपरीक्षक पूरणचन्द्र भट्टले जानकारी दिनुभयो।

बरामद मोबाइलको बजार मूल्य अन्दाजी १२ लाख रुपैयाँ रहेको र आवश्यक कारबाहीका लागि वीरगन्ज भन्सार कार्यालयमा पठाइएको पर्साका सशस्त्र प्रहरी उपरीक्षक भट्टले बताउनुभयो।




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४